का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ मंसिर २०८२
शुक्रबार
12 December 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
डीपर हेर्नु

वर्ष २३, अंक ३०२ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# जेनजी विद्रोहमा साढे ८४ अर्ब नोक्सान

## १२ हजार बढी सवारी ध्वस्त

पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँबराबरको बजेट आवश्यक पर्ने अनुमान छ । पुनर्निर्माण कार्ययोजनालाई सरकारले निर्णय गरेपछि कार्यान्वयनमा लगिनेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ मंसिर

जेनजी आन्दोलनका क्रममा खर्बनजिकको नोक्सान भएको छ । प्रारम्भिक मूल्यांकन प्रतिवेदनले साढे ८४ अर्ब भौतिक क्षति भएको आँकलन गरेको छ । सवारीसाधन मात्रै १२ हजार बढीमा क्षति भएको छ ।

जेनजी आन्दोलनमा भएको क्षतिको मूल्यांकन तथा सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न गठित समितिको प्रतिवेदनअनुसार सातै प्रदेशमा क्षति भएको छ । क्षति हुने जिल्ला ५४ वटा छ भने र क्षति हुने स्थानीय तहको संख्या २ सय ६२ रहेका छन् । समितिले बिहीबार आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेस गरेको छ ।

सो समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थले सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रतिवेदनको सारांशबारे प्रस्तुतीकरण नै गरेका छन् ।

प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी ७७ जनाको पृष्ठ २ मा




## नजिकिँदै महाधिवेशन र निर्वाचन

# दोहोरो भारमा कांग्रेस

*प्रतिनिधि सभाको प्रत्यक्ष/समानुपातिक र माघ ११ मा हुने राष्ट्रिय सभाको निर्वाचनका लागि उम्मेदवारका आकांक्षीहरूको नामावली पठाउने समयसीमा मंसिर २५ सम्म तोकेअनुसार सिफारिस भएर आएको कांग्रेसले जनाएको छ ।*

**जीवन शर्मा**/मध्यान्ह






महाधिवेशनको सबैभन्दा ठुलो काम क्रियाशील सदस्यता नै हो । सदस्यता नवीकरण/वितरणसँगै प्रतिनिधि सभा र राष्ट्रिय सभाको चुनावको तयारीलाई व्यापकता दिएका छौं ।

**सीता गुरुङ**
**केन्द्रीय सदस्य**

समाचार पृष्ठ २ मा

# एमालेमा दोस्रो पुस्ताले गुमाएको मौका

**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, २५ मंसिर



**समाचार टिप्पणी**

झन्डै ७५ वर्ष लामो इतिहास बोकेको नेकपा एमालेको ११औं महाधिवेशन शनिबारदेखि भक्तपुरको सल्लाघारीमा सुरु हुँदै छ । जेनजी आन्दोलनपछि फेरिएको परिस्थितिमा पार्टीपंक्ति मात्र होइन, शुभेच्छुकहरू पनि एमाले नेतृत्वमा नयाँ अनुहार देख्न चाहन्थे । तर एमालेका दोस्रो र तेस्रो तहका भनिने नेताहरूमा नेतृत्व लिने आँट देखिएन । जसका कारण नयाँ परिस्थितिमा नयाँ नेतृत्वको सम्भावना करिबकरिब टरेको छ ।

एमालेको नयाँ नेतृत्वका पुराना अनुहारहरू अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल मैदानमा उत्रिएका छन् । दुवै ७० वर्ष नाघेका छन् । ओलीले ११ वर्ष पार्टीको नेतृत्व गरिसकेका छन् भने पोखरेल दुई कार्यकाल पार्टी महासचिव हुँदै वरिष्ठ उपाध्यक्ष बनेका नेता हुन् । त्यसअर्थमा दुवै नेता दुई दशकदेखि एमालेको 'कोर अफ लिडरसिप' मानिने सचिवालयमा छन् ।

अध्यक्ष ओली तिनै नेता हुन्, जसले एमालेमा एकल नेतृत्वको विरोध गरे । बहुपदीय प्रणाली स्थापित गराए । एउटै पदमा दुई कार्यकालभन्दा धेरै रहन नमिल्ने व्यवस्था होस् वा ७० वर्षे उमेर हद स्थापित गर्न उनको योगदान छ । त्यसअर्थमा पार्टीमा आन्तरिक लोकतन्त्रका प्रस्तावक नै ओली हुन् । तर आफू नेतृत्वमा पुगेपछि भने उनी आफ्नै एजेन्डाबाट पछाडि फर्किए । सम्पूर्ण शक्ति आफूमा केन्द्रित गरे । विधान संशोधन गराएर दुई कार्यकाल र ७० वर्षे उमेरहदको व्यवस्था उल्ट्याए । अहिले उनी पार्टी नेतृत्वमा तेहेरिने रणनीतिमा छन् ।

एमालेमा वैचारिक मतभिन्नता खासै देखिँदैन । अध्यक्ष उठ्ने घोषणा गरेका वरिष्ठ उपाध्यक्ष पोखरेलले पेस गरेको अवधारणापत्रमा पनि विचारभन्दा ओलीको कार्यशैलीप्रति चर्को विमति राखिएको छ । दुवै पक्ष जनताको बहुदलीय जनवाद (जबज) प्रति प्रतिबद्ध देखिन्छन् ।

केही महिनाअघिसम्म एमालेमा ओलीको विकल्प नदेखेका पोखरेल उनकै विरुद्ध एकाएक मैदानमा उत्रिनुका केही कारण छन् । खासगरी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टी अध्यक्ष बन्ने महत्वाकांक्षासहित एमालेमा फर्किन लागेकी थिइन् । तर संस्थापन पक्षले उनको पार्टी सदस्यता नै नवीकरण गरिदिएन । फलस्वरूप भण्डारीकै उत्तराधिकारीका रूपमा पोखरेल ओलीसँग चुनाव लड्दै छन् । त्यस अर्थमा मैदानमा पोखरेल देखिए पनि खासमा यो ओली र भण्डारीको प्रतिस्पर्धाजस्तो देखिएको छ । एकातर्फ ओली विगतका आफ्नै एजेन्डाबाट

**महासचिवमा चर्को रस्साकस्सी** पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कोरियाको ई-७ भिसामा कामदार पठाउन रोक्ने सूचना विभागबाटै फिर्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

वैदेशिक रोजगार विभागले दक्षिण कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० कार्यान्वयन नहुनेसम्बन्धी सूचना फिर्ता लिएको छ ।

जेनजी आन्दोलनपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आदेशमा विभागले भदौ ३१ गते कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि २०८० कार्यान्वयन नहुने सूचना जारी गरेको थियो । तर विभागले बिहीबार अर्को सूचना जारी गर्दै उच्च अदालत पाटनको असोज ३१ को आदेश र श्रम मन्त्रालयको कात्तिक २४ को पत्रानुसार विभागको भदौ ३१ को सूचना कार्यान्वयन नगर्नु भनि आदेश प्राप्त भएकाले सो पत्रको कार्यान्वयन नहुने उल्लेख गरेको छ । कार्यविधिमा निजी क्षेत्रबाट ई-७ भिसामार्फत दक्षिण कोरियामा कामदार पठाउने व्यवस्था छ ।

यसअघि मन्त्रालयले कार्यविधि जारी गरेपछि ई-७ भिसामार्फत कोरियामा सीपयुक्त कामदार पठाउने प्रक्रिया अघि बढेको थियो । श्रम मन्त्रालयले म्यानपावर कम्पनीमार्फत सीपयुक्त कामदार निःशुल्क पठाउने गरी कार्यविधि जारी गरेको थियो । त्यसलगत्तै कोरियास्थित नेपाली दूतावासलाई समेत सीपयुक्त कामदारको हकमा मागपत्र प्रमाणीकरण गर्न परिपत्र गरिएको थियो ।

कतिपयले म्यानपावर कम्पनीमार्फत दक्षिण कोरिया कामदार पठाउँदा इपिएसमार्फत कामदार पठाउने प्रक्रियामा असर पर्ने दाबीसमेत गरेका थिए । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको र अख्तियारले कार्यविधि कार्यान्वयन नगर्न निर्देशन दिएअनुसार विभागले सूचना प्रकाशित गरेको कतिपयको भनाइ थियो । तर अख्तियारलाई हवाला दिए पनि अख्तियारको पत्र कहीँकतै सार्वजनिक गरिएको थिएन । पृष्ठ २ मा

**कुवेतमा रोजगार**
कम्पनी: BADER CONSTRUCTION GROUP FOR GENERAL TRADING & CONTRACTING
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०८/२५
चलानी नं.: ६०२४८७२८
L.T. No.: 335117

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: KD | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 90 | 0 | सम्बन्धित काममा दक्ष | 115 | ५३,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason. | 90 | 0 | | 115 | ५३,७९२ | | | | | | | |
| 3. | Outdoor Labours | 90 | 0 | | 95 | ४४,४३७ | | | | | | | |
| 4. | Steel Fixers | 90 | 0 | | 120 | ५६,१३१ | | | | | | | |

अन्तर्वार्ता बुटवल मल्टिपल ट्रेनिङ सेन्टर जाइकुटीमा २०८२ पुष ४ गते (19 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता गजराज ट्रेनिङ सेन्टर नेपालगंजमा २०८२ पुष ५ गते (20 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता न्यू रामजानकी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ पुष ६ गते (21 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता श्रीराम जानकी ट्रेनिङ सेन्टर बर्दिबास, महोत्तरीमा २०८२ पुष ७ गते (22 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता मारुती ट्रेनिङ सेन्टर सर्लाहीमा २०८२ पुष ८ गते (23 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर इटहरिमा २०८२ पुष ९ गते (24 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
Gov Lic No: 573/062/063

मध्यान्ह
www.madhyanhadaily.com
२६ मंसिर २०८२ शुक्रबार
12 December 2025 Friday

# दोहोरो भारमा कांग्रेस



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ मंसिर

नेपाली कांग्रेसलाई यसपटक १५औं महाधिवेशन र आमनिर्वाचनको तयारी सँगसँगै गर्नुपर्ने दबाब परेको छ। पुसको २६-२९ मा महाधिवेशन गर्ने तालिका ल्याएको कांग्रेस टोलटोलमा क्रियाशील सदस्यता नवीकरण र वितरणको काममा सक्रिय छ। यससँगै फागुन २१ का लागि तोकिएको प्रतिनिधि सभाको निर्वाचनको तयारीमा जुट्नुपर्ने भएकाले कांग्रेस दोहोरो 'प्रेसर'मा परेको हो।

प्रतिनिधि सभा निर्वाचनका लागि मंसिर मसान्तसम्म केन्द्रमा आइपुग्नेगरी उम्मेदवार सिफारिस गर्न मातहतका पार्टी कार्यालयलाई केन्द्रीय समितिले निर्देशन दिएको छ। मंसिर १५ गते सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले निर्णय गरी त्यसैदिन जारी गरेको सर्कुलरमा प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ र समानुपातिकतर्फ तथा राष्ट्रिय सभामा उम्मेदवार सिफारिस पार्टी विधानको धारा ३०, धारा ३३ (२) तथा धारा ६९ बमोजिम सिफारिस गर्न निर्देशन दिएको थियो। सोही बैठकले आगामी पुसको १६ गतेबाट गाउँ/वडा अधिवेशन गर्ने निर्णय गरेअनुसार मातहत जिल्ला समितिमा परिपत्र गरेको छ।

एकैपटक पार्टीको महाधिवेशन र आमचुनावको तयारी गर्नुपर्ने बाध्यतामा रहेका नेताहरू यतिबेला जिल्लाजिल्लामा पुगेर पार्टी बैठकमा केन्द्रित छन्। पार्टी केन्द्रले पठाएका क्रियाशील सदस्यता फारम वडा सभापतिमार्फत भराएर क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्रमा पठाउने समय अत्यन्तै छोटो छ। झन्डै ९ लाख क्रियाशील सदस्यमध्ये हालसम्म करिब ४ लाखले मात्रै नवीकरण गरेका छन्। ५५ जिल्लाबाट ४ लाखभन्दा बढी सदस्यता नवीकरण गरेको विवरण प्राप्त भएको केन्द्रीय कार्यालयले जनाएको छ। नयाँ सदस्यता भर्खरै पठाएको र नवीकरणका समेत धमाधम आउनेक्रम जारी रहेकाले यकिन तथ्यांक केही दिनमा टुंगो लाग्ने मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

सातैवटै प्रदेश, १ सय ६५ प्रतिनिधि सभा क्षेत्र, ३ सय ३० प्रदेश सभा क्षेत्र, ६ महानगर, ११ उपमहानगर, सबै नगरपालिका र गाउँपालिका र सबै वडा कार्यसमितिमा परिपत्र गर्दै नयाँ क्रियाशील सदस्यता सहज ढंगले व्यापक रूपमा वितरण गर्न परिपत्र गरेको क्रियाशील व्यवस्थापन समितिका सदस्य एवं कांग्रेस केन्द्रीय सदस्य सीता गुरुङले बताइन्। त्यस्तै, प्रतिनिधि सभाको निर्वाचनको तयारीमा पनि सँगै जुटेको उनको भनाइ छ। 'हामीले एकैपटक दुईवटा काम सँगसँगै लगेका छौं,' गुरुङले मध्यान्हसँग भनिन्, 'महाधिवेशनको सबैभन्दा ठुलो काम क्रियाशील सदस्यता नै हो। क्रियाशील सदस्यता सँगै प्रतिनिधि सभा र राष्ट्रिय सभाको चुनावको तयारीलाई व्यापकता दिएका छौं।'

जातीय जनसंख्या, मत संख्या, युवा उमेर समूह, समावेशिता, महिला प्रतिनिधिमा एक तिहाइ र बुद्धिजीवी र विशेष योगदान गरेका व्यक्तिलाई सदस्यता दिएर कांग्रेस सबैको हो भन्ने अपनत्व हुनेगरी नयाँ सदस्य बन्ने व्यक्तिका लागि ढोका खुला गरेर कांग्रेसले जतिसक्दो सदस्यता बढाउने अभियानमा लागेको उनको भनाइ छ। पुस ८ गतेभित्र केन्द्रमा पुग्नेगरी सदस्यता वितरण तथा नवीकरणको चाप बढेको नेता गुङले बताइन्। त्यस्तै, आगामी चुनावका सन्दर्भमा बिहीबारसम्म सम्भावित उम्मेदवारको नाम सिफारिस गरिसक्नुपर्ने कांग्रेसले निर्देशन जारी गरेको थियो। प्रतिनिधि सभाको प्रत्यक्ष/समानुपातिक र माघ ११ मा हुने राष्ट्रिय सभाको निर्वाचनका लागि उम्मेदवारका आकांक्षीहरूको नामावली पठाउने समयसीमा मंसिर २५ सम्म तोकेअनुसार सिफरिस भएर आएको कांग्रेसले जनाएको छ। 'केन्द्रको परिपत्रअनुसार केही जिल्लाबाहेक अधिकांशले सम्भावित उम्मेदवारको सूची पठाइसकेको छ। सामान्य विवादजस्तो देखिएका केही जिल्लाबाट व्यापक छलफल र सहमति गरेर एक/दुई दिनमै आइसक्छ,' केन्द्रीय सदस्य गुरुङले भनिन्। पार्टी महाधिवेशन र चुनावको काम एकैपटक गर्नुपर्दा 'प्रेसर' बढी भए पनि दुवै काम एकैपटक सकिने कुराले केही सहजतासमेत भएको उनको अनुभव छ।

## 'हेभी वेट नेता' कहाँबाट लड्दै छन् चुनाव ?

नेपाली कांग्रेस केन्द्रीय समितिको परिपत्रमा विधानअनुरूप योग्यता पुगेका व्यक्तिमध्येबाट प्रत्यक्षतर्फका लागि बढीमा एक महिलासहित तीन जना र समानुपातिकतर्फ समावेशी सिद्धान्तलाई ध्यानमा राखेर कम्तीमा एक महिलासहित बढीमा दुई जनाको नाम सिफारिस गर्न निर्देशन दिइएको थियो। सोहीअनुसार अधिकांश जिल्लाबाट सम्भावित उम्मेदवारको नाम सिफारिस भएर केन्द्रीय समितिमा आएको छ। कतिपय क्षेत्रले सर्वसहमतिमा एक जना नेताको मात्रै नाम पठाएको छ। कांग्रेस सभापति शेरबहादुर देउवाको एकल नाम डडेल्धुराबाट सिफारिस भएको छ। उनी २०४८ सालदेखि अहिलेसम्मका निर्वाचनमा डडेल्धुराबाटै निर्वाचित हुँदै पाँचपटक प्रधानमन्त्री बनिसकेका छन्। १४औं महाधिवेशनमा देउवासँग सभापतिको प्रत्यासी नेता डा. शेखर कोइरालाको नाम मोरङ क्षेत्र नम्बर ६ बाट एकल सिफारिस भएको छ। कोइराला २०७९ मा पनि यही क्षेत्रबाट निर्वाचित भएका थिए। त्यस्तै, कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नाम सुर्खेत क्षेत्र नम्बर १ बाट एकल सिफारिस भएको छ। २०७९ सालमा पनि खड्काको नाम एकल सिफारिस भएको थियो। त्यही क्षेत्रमा उम्मेदवार भएर विजयी भएका थिए।

उपसभापति धनराज गुरुङको नाम स्याङ्जा क्षेत्र नम्बर १ र २ बाट सिफारिस भएको छ। दुवै क्षेत्रीय समितिले उपसभापति गुरुङको नाम सिफारिस गरेको जिल्ला सभापति राजु थापाले जानकारी दिए। गुरुङ २०७९ मा भएको प्रतिनिधि सभा निर्वाचनमा स्याङ्जा २ बाट प्रत्यक्षतर्फ निर्वाचित भएका थिए। त्यस्तै, महामन्त्री गगन थापाको नाम चारवटा जिल्लाबाट सिफारिस भएर आएको छ। उनलाई काठमाडौं क्षेत्र नम्बर ४ बाट एकल सिफारिस गरिएको छ भने सर्लाही-४, रोल्पा र धनकुटाबाट उनको नाम सिफारिस भएको हो। थापा यसअघि भएका तीन निर्वाचनमा काठमाडौं ४ बाट निर्वाचित सांसद हुन्। महामन्त्री विश्वप्रकाश शर्माको नाम झापा क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ एकल सिफारिस भएको छ। महामन्त्री शर्मा २०७९ को निर्वाचनमा झापा-१ बाट नेकपा एमालेका उम्मेदवार अग्नि खरेललाई हराएर विजयी बनेका थिए।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'को मकवानपुर क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ सिफारिस भएको छ। उनी २०७९ को निर्वाचनमा पनि त्यही क्षेत्रमा उम्मेदवार बनेर पराजित भएकी थिइन्। सहमहामन्त्री बद्री पाण्डेको नाम प्रतिनिधि सभामा प्रत्यक्षतर्फ बाजुराबाट सिफारिस भएको छ। उनी २०७९ को निर्वाचनमा पनि त्यहीबाट प्रत्यक्ष निर्वाचित भएका थिए। सहमहामन्त्री भीष्मराज आङ्दम्बेको नाम पाँचथरबाट प्रतिनिधि सभाको प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस भएका कांग्रेस पाँचथर सभापति रूपनारायण जबेगुले बताए। उनी २०७९ को निर्वाचनमा प्रतिनिधि सभामा कांग्रेसबाट उम्मेदवार भएर पराजित भएका थिए।

सहमहामन्त्री जीवन परियार कास्की क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभामा प्रत्यक्षतर्फ सिफारिस भएका छन्। उनी २०७९ को प्रतिनिधि सभामा समानुपातिकतर्फका सांसद हुन्। त्यस्तै, सहमहामन्त्री किशोरसिंह राठोरको नाम प्रतिनिधि सभामा प्रत्यक्षतर्फ बाँके क्षेत्र नम्बर ३ बाट सिफारिस भएको छ। उनी २०७९ को निर्वाचनमा पनि त्यही क्षेत्रबाट निर्वाचित सांसद हुन्। सहमहामन्त्री महेन्द्र यादवको नाम प्रतिनिधि सभाको प्रत्यक्षतर्फ धनुषा क्षेत्र नम्बर ४ बाट सिफारिस भएको छ। उनी २०७९ मा पनि त्यहीबाट उम्मेदवार बनी पराजित भएका थिए। त्यस्तै, पार्टी प्रवक्ता डा. प्रकाशशरण महत काठमाडौं क्षेत्र नम्बर ५ बाट सिफारिस भएका छन्। सो क्षेत्रबाट महतसहित नेता प्रदीप पौडेल, रजनी थापासहित ६ जनाको नाम सिफारिस गरेको हो। २०७४ सालको चुनावमा महत एमाले नेता ईश्वर पोखरेलसँग पराजित भएका थिए। २०७९ उनी समानुपातिकतर्फबाट सांसद हुन्।

त्यस्तै, पूर्वउपसभापति विजयकुमार गच्छदारको नाम सुनसरी क्षेत्र नम्बर ३ बाट प्रत्यक्षतर्फ सिफारिस भएको छ। उनी २०४८ सालदेखि त्यही क्षेत्रमा उम्मेदवार बन्दै आएका छन्। पूर्वउपसभापति विमलेन्द्र निधिको धनुषा क्षेत्र नम्बर ३ बाट प्रत्यक्षतर्फ एकल उम्मेदवार सिफारिस भएका छन्। २०७९ मा समानुपातिक प्रणालीमा बसेका निधि त्यसअघि यही क्षेत्रबाट निर्वाचन लड्दै आएका नेता हुन्। पूर्वमहामन्त्री प्रकाशमान सिंहको काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा प्रत्यक्षतर्फ सिफारिस भएका छन्। उनी २०७९ को निर्वाचनमा पनि यही क्षेत्रबाट उम्मेदवार बनेर निर्वाचित भएका थिए। पूर्वउपसभापति गोपालमान श्रेष्ठको नाम स्याङ्जा क्षेत्र नम्बर २ बाट सिफारिस भएको छ।

## एमाले महाधिवेशन
# महासचिवमा चर्को रस्साकस्सी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ मंसिर

मंसिर २७ मा ११ महाधिवेशन उद्घाटनको तयारी अन्तिम चरणमा पुगेको नेकपा एमालेमा दुई टिमबीच नोकझोंक चलेको छ। वर्तमान अध्यक्ष केपी शर्मा ओली अध्यक्षमा तेहेरिने र उनलाई रोक्न वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्षको उम्मेदवार घोषणा गरेसँगै दुई टिमका नेताबीच एकअर्काप्रति घोचपेच चलिरहेको छ। आफ्नै नाममा सर्वसम्मत नेतृत्व चयनको योजनामा रहेका ओलीलाई पोखरेलले मतदानमा जानुपर्ने बाध्यतामा पुऱ्याएका हुन्। यद्यपि अन्तिम घडीसम्म दुवै समूहले आफ्नो टिम बनाएका छैनन्। एकअर्काले दुवैको टिम पर्खेर बसेका छन्। ओलीले आफ्नो बनाइसकेपछि मात्रै पोखरेल टिम बनाउने तयारीमा छन्। अध्यक्ष ओलीका पक्षमा रहेका शीर्ष नेता व्यवस्थापनमा सकस मानिरहेका ओलीले अध्यक्षपछिको कार्यकारी पद महासचिवमा कसलाई पठाउने भन्ने निर्णय लिन नसकेको ओली समूहका नेताहरूले बताएका छन्। उनको पछि लागेका वर्तमान उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र पृथ्वी सुब्बा गुरुङ आगामी महासचिवका लागि व्यग्र दौडमा छन्। ओलीले शंकरलाई नै बनाउन चाहे पनि आफ्नै टिमका नेता विष्णु पौडेल शंकरका लागि सबैभन्दा ठुलो तगारो बनेका छन्। पौडेलले भए आफैं महासचिव हुने नभएर शंकरलाई बनाउन नदिने रणनीति लिएका छन्। उनी आफू नहुँदा प्रदीप वा पीएसलाई महासचिवमा अघि सार्ने योजनामा छन्। अध्यक्ष ओलीले पनि शंकर नहुँदा प्रदीपलाई अघि सार्न सकिने तहमा छलफल चलाएको एमालेका एक पदाधिकारीले बताए। उनले मध्यान्हसँग भने, 'अध्यक्ष सकभर शंकरलाई नै अघि सार्ने कि भन्नेमा हुनुहुन्छ। तर उहाँको पक्षमा दोस्रो तहका नेता सकारात्मक नदेखिँदा उपमहासचिव प्रदीप ज्ञवालीलाई महासचिव बनाउने कि भन्नेमा पनि कुरा चलेकै छन्।' तर महासचिवका लागि विष्णु पौडेल, शंकर पोखरले, प्रदीप ज्ञवाली र पृथ्वी सुब्बाको नाम छलफलकै क्रममा रहेको उनले बताए। त्यस्तै, अर्का अध्यक्षका प्रत्यासी ईश्वर समूहमा पनि महासचिवको पदमा एक भन्दा बढीको आकांक्षा छ। सो समूहबाट वर्तमान उपाध्यक्ष सुरेन्द्र पाण्डे, सचिवहरू योगेश भट्टराई र गोकर्ण विष्टले दाबी गरेका छन्। यद्यपि उक्त समूहमा महाधिवेशन जितिहाल्ने संकेत नदेखेकाले नेताहरूको लडाइँ कम रहेको बताइएको छ। कतिपय नेताहरूले ओली टिममा नअटेका नेताहरूलाई आफ्नो समूहमा ल्याएर चुनाव लडाउने रणनीतिमा बसेको बताएका छन्। 'हामीले अहिले अध्यक्षको मात्रै उम्मेदवारी घोषणा गरेका छौं,' स्थायी कमिटी सदस्य ठाकुर गैरेले भने, 'अध्यक्षबाहेकका पदमा छलफल भइरहेको छ। हामीले अन्तिम समय आएपछि सबै पदमा टिम घोषणा गरेरै जाने चरणमा छौं।' ओली समूहमा नेता व्यवस्थापन घाँडो भइरहँदा ईश्वर पक्षमा मुख्य पदाधिकारीका लागि नै बलिया नेताहरू देखिएका छैनन्। तर उनीहरू ओलीलाई बलियो टक्कर दिने दाबी गर्दै आएका छन्।

### जेनजी...

ज्यान गएको छ। २ हजार ४ सय २९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्। १३ देखि २८ वर्षका १ हजार ४ सय ३३ जना घाइते रहेका छन्।

मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते समिति गठन गरेको थियो। सो समितिले ७५ दिनपछि बिहीबार आफ्नो प्रतिवेदन बुझाएको हो।

प्रतिवेदनअनुसार समग्र भौतिक क्षति ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँबराबरको भएको छ। जसमध्ये प्रभावित निकाय/संस्था २ हजार १ सय ६८ छन्। २ हजार ६ सय ७१ भवनमा क्षति पुगेको छ। जसमा क्षतिको मूल्यांकन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँबराबर रहेको छ।

१२ हजार ६ सय ५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँबराबरको नोक्सान हुन पुगेको छ।

सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँबराबरको क्षति भएको छ।

निजी क्षेत्रको क्षतिको मूल्यांकन ३३ अर्ब ५४ करोड ८७ लाख रुपैयाँबराबर छ।

सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँबराबरको क्षति भएको छ।

सरकारी क्षतिमा तीन तहमध्ये संघीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ।

समितिले पुनर्निर्माण कार्ययोजना पनि पेस गरेको छ। पुनर्निर्माण गर्न ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँबराबरको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पुनर्निर्माण कार्ययोजनालाई सरकारले निर्णय गरेपछि कार्यान्वयनमा लगिनेछ।

### एमालेमा...

पछि हटेका छन् भने वरिष्ठ उपाध्यक्षको उम्मेदवारी पनि असंगत देखिन्छ। ७० वर्ष उमेर हदको विरोध गरिरहेका ७१ वर्षीय पोखरेल आफैं मैदानमा उत्रिएका छन्। अध्यक्ष ओलीको उमेर हाराहारीकै उपाध्यक्ष अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवाली पनि तेहेरिने गृहकार्य गर्दै छन्।

अध्यक्ष ओलीलाई नेतृत्वमा तेहरिने वातावरण बनाउनमा मुख्यतः उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको हात छ। उनीहरूले पार्टी नेतृत्वमा दाबी गरेको भए परिस्थिति अर्कै पनि हुन सक्थ्यो।

१०औं महाधिवेशनमा पौडेल र पोखरेल दुवैले महासचिव बन्ने आकांक्षा राखेका थिए। अन्तिममा विद्या भण्डारीको समेत सल्लाह लिएर ओलीले शंकर पोखरेललाई महासचिव बनाए। यसबीचमा ओलीले पौडेलको समन्वयकारी कला र पोखरेलको वैचारिक क्षमता भरपुर उपयोग गरे। त्यसो त ओलीको छाता ओढेर दुवै नेताले देशभर गुटबन्दीको अभ्यास पनि नगरेका होइनन्। तर उनीहरूको गुटबन्दी लुम्बिनी प्रदेशमै सीमित हुन पुग्यो, देशभर फैलिन पाएन्। एकले अर्कालाई रोक्ने रणनीतिमा दुवै नेताले ११औं महाधिवेशनमा पनि ओलीकै नेतृत्व भन्न थाले। अध्यक्ष ओलीको चाहना बुझेर पनि उनीहरूले त्यसो भनेका हुन सक्छन्। तर पौडेल र पोखरेल एक ठाउँ उभिएर नेतृत्व दाबी गर्ने आँट गरेको भए न ओलीले ७० वर्षे उमेरहद हटाउन सक्थे न त दुई कार्यकालको प्रावधान।

त्यसो त यसबीचमा ओली र पोखरेल दुवै समूहभित्रबाटै विष्णु पौडेल र शंकर पोखरेललाई अध्यक्षमा उठाउने प्रयास पनि भएका हुन्। केही समय मौन बसेर उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र पौडेलले पार्टीभित्र जनमत बुझ्ने प्रयास पनि गरे। पौडेल आए वरिष्ठ उपाध्यक्ष पोखरेलले मैदान छाड्नेसम्मको रणनीति विद्या भण्डारी समूहले बनाइएको थियो। तर पौडेलले त्यो आँट गरेनन्।

उता शंकर पोखरेललाई पनि पूर्वराष्ट्रपति भण्डारीनिकट नेताहरूले अध्यक्षमा उठाउने कोसिस गरेका थिए। शंकर अध्यक्ष र योगेश भट्टराई महासचिव उठ्नेगरी प्यानलको गृहकार्य पनि गरिएको थियो। अध्यक्ष ओलीलाई वैधानिक रूपमा पार्टी संरक्षक बनाएर शंकरको नेतृत्वमा पार्टी अघि बढाउनेबारे समेत सघन छलफल भएको थियो। तर महासचिव पोखरेल स्वयं तयार भएनन्। यसरी एमालेमा नेतृत्व हस्तान्तरणको मुद्दा पेचिलो बन्न पुग्यो।

दलहरूमा नेतृत्वको उत्तराधिकारी तोकेर वा हस्तान्तरण गरेर हुने होइन। नेतृत्वका लागि आफैंले क्षमता देखाउनुपर्छ, आफैं तयार हुनुपर्छ। नयाँ ऊर्जासाथ नेताहरू तयार नहुँदा एमालेमा महाधिवेशनबाट नेतृत्व परिवर्तनको मौका टर्दै गएको छ।

### कोरियाको...

उच्च अदालतको आदेशपछि ई-७ भिसामा दक्षिण कोरिया कामदार पठाउन सुरु भएको हो ? भन्ने प्रश्नमा विभाग स्रोतले स्पष्ट जबाफ दिएन। स्रोतले भन्यो, 'उच्च अदालत पाटनले उक्त मितिको पत्र कार्यान्वयन नगर्नु भन्ने आदेश दिएपछि हामीले सूचना प्रकाशित गरेर सम्मानित अदालतको आदेश कार्यान्वयन गरेको सार्वजनिक गरेका हौं। कार्यविधिअनुसार कामदार पठाउने विषयमा मन्त्रालयबाट थप निर्देशन आउनुपर्छ।'

नयाँ सरकार गठन हुने समयमा विभागले ई-७ भिसामार्फत रोजगारीका लागि दक्षिण कोरिया पठाइदिन्छु भनी गैरकानुनी रूपमा रकम असुली भइरहेको भन्दै त्यस विषयमा गम्भीर ध्यानाकर्षण भएको बताएको थियो। हाल प्रधानमन्त्री सुशीला कार्कीले नै मन्त्रालयको नेतृत्व गरेका कारण तुरुन्तै कार्यविधि कार्यान्वयनमा जाने विषयमा कतिपयले शंका गरेका छन्।

यसअघि राजदूत फिर्ता बोलाउने निर्णयविरुद्ध परेको रिटमा राजदूतहरूका पक्षमा सर्वोच्च अदालतले आदेश दिएपनि सरकारले राजदूतहरूलाई परराष्ट्र मन्त्रालयमा हाजिर गराएको छ। हाल कोरियाको कार्यविधि कार्यान्वयनमा पनि सरकारले कुनै 'कानुनी बाटो' खोजेर केही समय पर धकेल्ने विश्लेषण पनि सरोकारवालाहरूले गरेका छन्।

कोरियाले ई-९ र ई-७ गरी दुई वटा भिसा प्रणालीमार्फत विदेशबाट कामदार लैजाने गरेको छ। ई-९ भिसा सामान्य कामदारका लागि र ई-७ भिसा दक्ष कामदारका लागि दिइने गरेको छ। उनीहरूले मासिक ३ लाख भन्दा बढी कमाउने बताइएको छ।

स्थानीय सरकार
**हेलम्बु गाउँपालिका**
༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་ཚོ་སྡེ་ལས་ཁུངས། །
**गाउँ कार्यपालिकाको कार्यालय**
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आह्वान सम्बन्धी सूचना ।**

(सूचना प्रकाशित मितिः २०८२/०८/२६)

यस हेलम्बु गाँउपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएको ठेक्काको लागि इच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १७ औं दिन, मिति २०८२/०९/१३ को दिन १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| SN | IFB No. | Description of works | Bid Security Amount (NRs.) | Price of Bid Document | Estimate cost including PS but without VAT & Contingencies (NRs.) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | 01-02-082-83 NCBW-HRM-Re | Siureni Sichai Ward-06, Helambu (Re-notice) | 2,90,000.00/- | 3000.00/- | 1,01,86,994.20/- | 90 |

**नोटः**
बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# स्वास्थ्य मन्त्रालय आफैं अस्वस्थ

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २५ मंसिर




स्वास्थ्यका योजना तथा कार्ययोजना बनाउने थलो स्वास्थ्य मन्त्रालय तीन महिनादेखि आफैं अस्वस्थ छ । मन्त्रालयबाहिर 'प्रवेश निषेध' गरिएको सूचना टाँसिएको छ । जेनजी आन्दोलनले मन्त्रालय पूर्ण रूपमा जलेकाले यस्तो सूचना टाँस गरिएको हो ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले मन्त्रालय पूर्णरूपमा क्षतिग्रस्त भएको छ । हाल मन्त्रालयबाट कुनै काम भएको छैन, कर्मचारी पनि छैनन् । उपकरण र योजनाका फाइल सबै जलेर नष्ट छन् । केही प्रहरीहरूले भने भग्नावशेषलाई सुरक्षा दिइरहेका छन् । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयमा क्षति भएको थियो । मन्त्रालय भवन उपयोग गर्न सक्ने अवस्था छैन । जो पुनर्निर्माणको पर्खाइमा छ ।

मन्त्रालयका कामहरू केहीअघि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यालयबाट चलाइएको थियो । अहिले सिंहदरबारबाट आंशिक रूपमा केही विभाग र नेतृत्वले काम सुरु गरेको छ । तर सबै शाखा स्थानान्तरण हुन अझै केही समय लाग्ने स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीका अनुसार मन्त्री कार्यालय, दुई सचिव, नीति, योजना तथा अनुगमन महाशाखा र कर्मचारी महाशाखाबाट हुने सेवा प्रवाह सिंहदरबारबाट सुरु गरिएको छ ।

सिंहदरबारस्थित नेपाली सेनाको नर्सिङ दल गणको खाली जग्गामा विश्व स्वास्थ्य संगठनले मन्त्रालयका लागि ६ वटा 'प्रिफ्याब ब्लक'बाट सेवा सुरु भएको उनले बताए ।

'मन्त्रालयका सबै शाखा सर्न अझै एक महिना लाग्छ । तत्कालका लागि मन्त्री र दुई सचिव र दुई महाशाखाको काम सिंहदरबारबाट सुरु गरिएको हो,' उनले भने ।

सिंहदरबारभित्र स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सचिव, अतिरिक्त सचिव, नीति योजना तथा अनुगमन महाशाखा, प्रशासन महाशाखाको काम सुचारु भएको छ । त्यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथबाट गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य समन्वय महाशाखा, जनसंख्या व्यवस्थापन महाशाखा र स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन इकाइबाट दिनुपर्ने सेवा प्रवाह भइरहेको मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य कार्यक्रमहरूमा प्रभाव, पोषण सर्वेक्षणलगायत मन्त्रालयका केही महत्वपूर्ण स्वास्थ्य कार्यक्रम भने अस्थायी रूपमा रोकिने अवस्था छ ।

'भवन पूर्ण रूपमा क्षतिग्रस्त भएकाले पुनर्निर्माण आवश्यक छ । तर बजेट अभावले तत्काल पुनर्निर्माण हुने अवस्था छैन,' स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी केसीले भने, 'सेवा आंशिक रूपमा सिंहदरबारबाट सुचारु छ तर पूर्णरूपमा स्थानान्तरण हुन बाँकी छ ।'

अहिले मन्त्रालयबाट जेनजी आन्दोलनका घाइतेहरूको व्यवस्थापन र वर्गीकरणको काम भइरहेको छ । साथै महत्वपूर्ण स्वास्थ्य कार्यक्रमबारे योजना बनाइरहेको उनले बताए । 'मन्त्रालयको भवन पूर्ण ध्वस्त भएपछि स्वास्थ्य सेवाप्रणालीमा थप भार परेकाले समस्या छ,' उनले भने । आन्दोलनका क्रममा धेरै घाइते भएकाले स्वास्थ्य मन्त्रालयले घाइतेहरूको क्लासिफिकेसन गर्न प्राविधिक समिति गठन गरेको र उपचार राहत, तथ्यांक वर्गीकरण, स्वास्थ्य संस्थाहरूसँग समन्वय गर्ने काम भइरहेको उनले बताए ।

# 'पठन संस्कृतिको विकासका लागि किताब जात्रा महत्वपूर्ण'



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले शिक्षित नेपाल बनाउन र पठन संस्कृतिको विकास गर्न किताब जात्राको महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।

किताब जात्राको सातौं संकरणको बिहीबार उद्घाटन गर्दै उनले शिक्षित नेपाल निर्माणका लागि शिक्षामा सबैको पहुँच अभिवृद्धि गरिनुपर्नेमा जोड दिए ।

सञ्चारमन्त्री खरेलले सबै बालबालिकालाई गुणास्तरीय शिक्षाको सुनिश्चितताका लागि सबै सरोकारवाला गम्भीर हुनुपर्ने उल्लेख गरे । उनले भने, 'शिक्षा भन्दा संसारमा केही पनि छैन, शिक्षा नै अध्यारो हटाउने ज्योति हो । त्यसैले शिक्षाबाट बञ्चित आज पनि जति बालबालिकाहरू छन् सबैले कामना गरौं, सबै बालबालिका विद्यालय गएर राम्रोसँग अध्ययन गर्न पाउछन् । सबैले चाहे अनुसारको शिक्षा हिशिल गर्न सकुन् ।' मन्त्री खरेलले पुस्तक, सिर्जना र विचारको उत्सवले समाजलाई समृद्ध र संवेदनशील बनाउने बताए । 'अघिल्लो वर्ष किताब जात्रामा प्यानलमा बसेर विचार विमर्श गर्दा धेरै खुसी लागेको थियो ।


## विज्ञप्ति

प्रस्तुत विषयमा हालैमात्र वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण शुल्क साबिकको रु. ६५०० बाट बढाएर रु. ९५०० बनाएको सम्बन्धमा यस संघको गम्भीर ध्यानाकर्षण भएको छ । यो संघ स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूको छाता संगठन हो । यो शुल्क वृद्धिप्रति हाम्रो असहमति छ । यो शुल्क वृद्धि वास्तवमा सिन्डिकेटधारी स्वास्थ्य संस्थाहरूको आवश्यकता र उनीहरूकै दबाबमा गरिएको हो । सिन्डिकेटवालाहरूले सिन्डिकेटका विदेशी मालिकहरूलाई दिनुपर्ने कमिसन रकम वृद्धि भएका कारण सर्वसाधारण कामदारबाट असुलउपर गर्ने सुनियोजित योजना अन्तर्गतको परिणाम हालको शुल्क वृद्धि हो । होइन भने एकै पटकमा ४६ प्रतिशत भन्दा बढी शुल्क वृद्धिले कामदारको हकमा के-के फाइदा वा सुविधा हुन्छ भन्ने कुराको पुष्टि हुन जरुरी छ । सरकारी पक्षले पनि सर्वसाधारण सेवाग्राही कामदारहरूको हितलाई केन्द्रमा राखेर उनीहरूको आर्थिक अवस्था तथा क्रयशक्तिको अवस्थालाई मध्यनजर गरी मूल्य वृद्धिको निर्णय लिनुपर्ने हुन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको विशेषज्ञ समितिको सिफारिसमा शुल्क वृद्धि गरिएको भनिएता पनि उक्त विशेषज्ञ समितिमा वैदेशिक रोजगारीबाट फर्किएर आएका कामदारका प्रतिनिधि र आधिकारिक ट्रेड युनियनको प्रतिनिधि पनि सदस्य रहने व्यवस्था छ । अरु त अरु यी श्रमिकका प्रतिनिधिहरू समेत शुल्क वृद्धिमा सहमत हुनु र हस्ताक्षर गर्नु खेदपूर्ण छ र यो बहसको विषय पनि हुन सक्छ । यसरी नयाँ थप गरेको विशेषज्ञ सेवा तथा स्वास्थ्य परिक्षण सहित शुल्क वृद्धिको विषयलाई लिएर चौतर्फी विरोध भएपश्चात श्रम मन्त्रालयले पुनर्विचारका लागि छलफल समेत सुरु गरेको र विभिन्न सरोकारवाला पक्षहरूलाई समेटेर पुनरावलोकन समिति समेत बनाएर प्रक्रिया अघि बढिरहेको अवस्थामा केही सिन्डिकेटका मतियारहरूले समूह बनाई स्वास्थ्य संस्थाहरूमा गएर बलपूर्वक रु. ९५०० शुल्क लिन दबाब दिएको र सो शुल्क नलिए कारबाही गर्ने भनेर धम्की दिएकाले स्वास्थ्य व्यवसायीहरूमा अन्योलको त्रासदीपूर्ण वातावरण छाएको छ ।

हामी सम्पूर्ण वैदेशिक रोजगारमा जाने कामदार, वैदेशिक रोजगार व्यवसायी एवं अन्य सारोकारवालाहरूसमक्ष के अपिल गर्न चाहान्छौं भने हाम्रो संघ अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा साबिकको रु. ६५०० मा नै ग्यारेन्टीका साथ स्वास्थ्य परीक्षण भइरहेको छ । निर्धक्क भइ उक्त संस्थाहरूमा गएर स्वास्थ्य परीक्षण गर्न/गराउन अनुरोध गर्दछौं । साथै सिन्डिकेटका संरक्षक संस्थाका प्रतिनिधि र विभिन्न समस्यामा रहि बैधानिकतामाथि प्रश्न उठेका संस्थाहरूले मूल्य बृद्धिमा गरेको स्वागत प्रति यस संस्था गम्भिर आपत्ति जनाउँछ । यस तर्फ सम्बन्धित तालुकदार मन्त्रालयको विशेष रुपमा ध्यान केन्द्रीत गराउन चाहान्छौ । अर्कोतर्फ अनुगमन निरीक्षण भन्दै सिन्डिकेटधारीलाई सहयोग पुग्ने गरी परिचालन गरेका व्यवसायीहरूले यस संघसँग आवद्ध स्वास्थ्य संस्थाहरूलाई धम्काए, तर्साएमा तत्काल प्रतिकार गर्न र कुनै प्रकारको जानकारी एवं संरक्षण चाहिएमा यस स्वास्थ्य संस्था संचालक संघ नेपालका अध्यक्ष श्री मदन कुमार पुर्बे (मो.नं. ९८४१२०२४०२), उपाध्यक्ष श्री रामहरी थापा (मो.नं. ९८५११२३७४९), महासचिव श्री रघुनाथ पनेरु (मो.नं. ९८५१०३८९२९) लाई सम्पर्क गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**मदन कुमार पुर्बे**
अध्यक्ष

**स्वास्थ्य संस्था संचालक संघ नेपाल**
टोखा न. पा.-७, काठमाडौं, फोन नं. ०१-४९८५५५०


# पश्चिम नवलपरासी–२ कांग्रेसबाट कँडेलको नाम सिफारिस



**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २५ मंसिर

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेसले उम्मेदवार सिफारिस प्रक्रिया तीव्र पारेको छ । यसअन्तर्गत नवलपरासी पश्चिम क्षेत्र नं. २ बाट प्रत्यक्षतर्फ पूर्वगृहराज्य मन्त्री देवेन्द्रराज कँडेलको नाम एकल रूपमा सिफारिस गरिएको छ । बिहीबार बसेको नेपाली कांग्रेस क्षेत्रीय समितिको बैठकले पूर्वराज्यमन्त्री समेत रहेका कँडेलको नाम सर्वसम्मत रूपमा चयन गर्ने निर्णय गरेको क्षेत्रीय समितिका सभापति माधवप्रसाद पाण्डेले जानकारी दिए ।

पाण्डेले भने, 'कँडेलको लामो राजनीतिक अनुभव, पार्टीभित्रको सक्रिय भूमिका र स्थानीय तहमा रहेको सांगठनिक प्रभावका कारण उनलाई सशक्त दावेदारका रूपमा प्रस्तुत गरिएको हो ।'

समानुपातिकतर्फ विक्रमप्रसाद यादव र सुनीताकुमारी सुवेदी श्रेष्ठको नाम सिफारिस भएको छ । यस्तै, राष्ट्रियसभा सदस्यका लागि अर्जुनकुमार पोखरेल र चन्दा चौधरी सिफारिसमा परेका छन् ।

कांग्रेसले १५ मंसिरमा बसेको केन्द्रीय कार्यसमितिको बैठकको निर्णयअनुसार मंसिर २६ भित्र देशभरका क्षेत्रीय समितिहरूले उम्मेदवारको नाम सिफारिस गरी केन्द्रमा पठाउन निर्देशन दिएको थियो । त्यसअनुसार लुम्बिनी प्रदेशका १२ जिल्लामा उम्मेदवार सिफारिस प्रक्रिया तीव्र गतिमा अघि बढिरहेको छ ।

लुम्बिनी प्रदेशमा प्रतिनिधिसभा सदस्यका लागि २६ निर्वाचन क्षेत्र रहेका छन् । तीमध्ये रुकुमपूर्व, रोल्पा, प्युठान र अर्घाखाँचीमा एक-एक, गुल्मी, पाल्पा, बर्दिया र पश्चिम नवलपरासीमा दुई-दुई, दाङ, कपिलवस्तु र बाँकेमा तीन-तीन, तथा रूपन्देहीमा पाँच निर्वाचन क्षेत्र रहेका छन् ।

कांग्रेसभित्र आगामी निर्वाचनको तयारी थप सक्रिय बनेको देखिन्छ । पार्टीले उम्मेदवार चयनसँगै स्थानीय तहमा आफ्ना कार्यकर्तालाई अभियान सञ्चालन गर्न निर्देशन दिएको छ । यसरी पार्टीले संगठनलाई चुस्त राख्दै मतदातासँगको प्रत्यक्ष सम्पर्कमा केन्द्रित हुने रणनीति अगाडि सारेको छ ।

यसअघि कांग्रेसले निर्वाचन तयारीका क्रममा जिल्लामा विभिन्न तहका बैठक, संगठन सुदृढीकरण कार्यक्रम तथा मतदाता भेटघाट अभियान सञ्चालन गरिसकेको छ । आगामी निर्वाचनमा पार्टीले क्षेत्रीय र राष्ट्रिय स्तरमा सशक्त प्रदर्शन गर्ने लक्ष्य राखेको बताइएको छ ।

# उदयपुरमा लागूऔषधसहित युवक पक्राउ

**बिन्द्र राई/मध्यान्ह,**
उदयपुर, २५ मंसिर

उदयपुरमा प्रतिबन्धित लागूऔषधसहित एक युवक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले कटारी नगरपालिका-४ स्थित सुनकोशी पेट्रोलपम्प नजिकैबाट मरुवातर्फ जाँदै गरेको कोशी प्रदेश-०५-००२ प २४७३ नं.को मोटरसाइकललाई मंगलबार चेकजाँच गर्ने क्रममा एक युवकलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार पक्राउ पर्नेमा कटारी नगरपालिकाका १९ वर्षीय रुस्तम तामाङ रहेका छन् । चेकजाँचकै क्रममा तामाङको साथबाट स्पास्पेन ५३ ट्याब्लेट, ओपो ट्याब ९ ट्याब्लेट र टापेन्टा ४८ ट्याब्लेट गरी कुल १ सय १० ट्याब्लेट प्रतिबन्धित लागूऔषध फेला पारेको प्रहरीले जनाएको छ ।

तामाङसँगै मोटरसाइकल, ओनर कम्पनीको मोबाइल फोन एक थान समेत प्रहरीले बरामद गरेको छ । पक्राउ परेका उनलाई इलाका प्रहरी कार्यालय कटारीको हिरासतमा राखी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरीले जनाएको छ ।

# सुकिदहमा पुरुषको शव फेला

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २५ मंसिर

रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका-३ स्थित सुकिदह जंगलमा एक पुरुषको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक हरिप्रसाद पुनका अनुसार शव पहिचान नहुने गरी क्षतिग्रस्त अवस्थामा भेटिएको हो ।

उक्त शव सल्यानको बागचौर नगरपालिका-४ का ३५ वर्षीय टेकबहादुर ओलीको रहेको आफन्तजनले पुष्टि गरेका छन् । उनी कात्तिक १४ गतेदेखि बेपत्ता रहेका थिए । आफन्तले पहिरनका आधारमा शव पहिचान गरेको प्रहरीको भनाइ छ ।

प्रहरी निरीक्षक पुनका अनुसार आवश्यक प्रक्रिया पूरा गरी शवलाई जिल्ला अस्पताल सल्लेमा राखिएको छ । मृत्युको कारणबारे अहिले स्पष्ट हुन नसकेको र घटनाबारे थप अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

# सवारी दुर्घटनामा एक जनाको मृत्यु

**पश्चिम नवलपरासी/मस–** पूर्व-पश्चिम राजमार्गअन्तर्गत सुनवल नगरपालिका-४ स्थित कृष्ण मन्दिर अगाडिको सडकखण्डमा मंगलबार बिहान भएको सवारी दुर्घटनामा एक जनाको ज्यान गएको छ ।

इलाका प्रहरी कार्यालय सुनवलका अनुसार बिहीबार बिहान लु ३१ प ७५३१ नम्बरको मोटरसाइकललाई नम्बर नखुलेको सवारी साधनले ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक र पछाडि सवार गरी दुई जना घाइते भएका थिए । घटनापछि प्रहरी निरीक्षक लक्ष्मण देवकोटाको नेतृत्वमा खटिएको टोलीले घाइतेहरूलाई उद्धार गरी जिल्ला अस्पताल परासी पुर्‍याएको थियो । उपचारका क्रममा सर्वोत्तम सिमेन्ट फ्याक्ट्रीमा काम गर्ने १८ वर्षीय दुर्योधन यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


# Kumakh Rural Municipality
# Office of Rural Municipal Executive

**Ragechaur, Salyan**

**Karnali Province , Nepal**

**Date of publication: 2082/08/26 (2025/12/12)**

**Kumakh Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the procurement under following Project .

| IFB NO. | Description of work | Estimated Amount (without Vat & contingency) Nrs. | Bid documnt fee (Nrs) | Bid security (NRs) | Last date of bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| KRM-NCB-W-09-2082-083 | Construction of Janakalyan Aabi Korti 6 Room school Building Kumakh 4, Salyan | 8632727.94 | 3000/- | 260000 | 2082/09/28 12:00 hours | 2082/09/28 13:00 hours |
| KRM/SQ/W/05/2082/083 | Construction of Purana Gau Dekhi Bikram Khola Samma Sadak Marmat , Rautera Dekhi Darrmali Gau Samma Sadak Nirman , Bhandar Khola Khelkud Maidan Nirman , Pul Dekhi Kholi Bazar Samma Sadak Nirman and Bajuumaat Dekhi Kholibazar Samma Sadak Mamat Ward No 4,Salyan | 1,126,372.44 | 1000/- | 28200 | 2082/09/13 12:00 hours | 2082/09/13 13:00 hours |

1. Eligible Bidders may obtain further information at the office of Kumakh Rural Municipality, or may visit PPMO website www.bolpatra.gov.np/EGP.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Himalayan bank limited
   Name of Office : Kumakh Rural Municipality
   Office Revenue Account no. : **12007797630117**
   Office code : 305016001
   Revenue code : 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned time and date at the office of Kumakh Rural Municipality. For NCB Bids must be valid for a period of 90 days after bid opening with scanned copy of the bid security in .pdf format/- which shall be valid for 30 days beyond the validity period of the bid.
5. For SQ Bids must be valid for a period of 45 days after bid opening with scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
6. If the bid opening date falls on a government holiday, then the next working day shall be considered as the bid opening date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२६ मंसिर २०८२ शुक्रबार
12 December 2025 Friday

## सम्पादकीय

# महिला सहभागिता बढाऊ

संविधानले राज्यका सबै तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ । तर यो अधिकार व्यवहारमा भने पूर्ण कार्यान्वयन भइरहेको छैन। संविधानमा यो अधिकार सुनिश्चित गराएका दलहरू नै महिला समावेशिताप्रति इमानदार देखिँदैनन्। खासगरी दलहरूका नेतृत्व र संसद्मा सशक्त प्रतिनिधित्व गराउन उनीहरू अनुदार छन् । गत आमचुनाव-२०७९ मा मुख्य दलहरूले अति कम निर्वाचन क्षेत्रमा मात्र महिला उम्मेदवार उठाए। फलस्वरूप प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधि सभामा पुग्ने महिला सदस्यको संख्या पाँच मात्र हुन पुग्यो । पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसले पाँच महिला मात्र प्रत्यक्ष उम्मेदवार बनायो भने नेकपा एमालेले ११ र माओवादी केन्द्रले आठ जनालाई उठाएको थियो । सबै दलहरू समानुपातिकमार्फत नै संवैधानिक प्रतिनिधित्व पुर्‍याउने रणनीति लिए। यसले दलहरूको महिलाप्रतिको दृष्टिकोण उजागर गरिदिएको छ। मुख्य दलहरू महिलाको सशक्त र अर्थपूर्ण सहभागिताभन्दा औपचारिकतामा खुम्चिएको यसले देखाउँछ।

दलभित्रका माथिल्ला निर्णायक कमिटीहरूमा पनि महिला समावेशिता निराशाजनक छ। कांग्रेसमा १४ शीर्ष पदाधिकारीमध्ये एक मात्र महिला छन् । एमालेमा १९ सदस्यीय शीर्ष कमिटीमा दुई महिला मात्र छन् भर्खरै बनेको नेपाली कम्युनिस्ट पार्टीमा पनि एकाध मात्र प्रतिनिधित्व छ। यी तथ्यांकले संविधानले बाटो खोलिदिए पनि दलहरूले महिलाको पहुँच निर्णायक तहसम्म पुर्‍याउन नसकेको पुष्टि गर्छ।

त्यसो त बितेको दशकमा नेपालमा राष्ट्रपति, सर्वोच्च अदालतका प्रधानन्यायाधीश, मुख्य सचिवदेखि मुख्यमन्त्रीमा समेत महिला पुगेका छन्। जेनजी आन्दोलनपछि मुलुकले पहिलो महिला प्रधानमन्त्री पनि पाएको छ । तर केही महिलाको शीर्ष पदमा उपस्थितिलाई समग्र प्रतिनिधित्वको प्रतीक बनाइदिने गलत प्रवृत्तिले खास मुद्दा ओझेलमा पर्दै आएका छन् ।

पछिल्लो समय निर्वाचन आयोगले प्रत्यक्षतर्फ पनि ३३ प्रतिशत महिला उम्मेदवारी अनिवार्य गरेको छ। सन् २०३० भित्र संसद्मा कम्तीमा ४० प्रतिशत महिला सुनिश्चित गर्ने नीतिगत प्रतिबद्धता पनि छ। तर ती संख्या कोटामा मात्र सीमित नभई शक्ति संरचनामा पहुँच अहिलेको आवश्यकता हो । हामीले संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था अपनाएका छौं। यसको मर्म भनेकै समानुपातिक, सामावेशी प्रतिनिधित्वसहितको लोकतन्त्र हो। त्यसैले राज्यका अन्य निकायजस्तै राजनीतिमा पनि महिलाको निर्णायक तहसम्मै अर्थपूर्ण उपस्थिति अनिवार्य छ। अब दलहरूले महिलालाई वैकल्पिक होइन, मुख्य शक्तिका रूपमा अघि सार्नुपर्छ।

# बलिदानमाथि सधैं प्रश्न

*नेपाललाई अब दिशाहीन राजनीति होइन, दूरदर्शी नेतृत्व चाहिन्छ, त्यस्तो नेतृत्व जसले सत्ता होइन, प्रणाली परिवर्तन खोजोस्, व्यक्तिगत लाभ होइन, संस्थागत सुधार रोजोस् र जसले हरेक युवाको श्रम, सपना र बलिदानको मूल्य बुझोस् ।*

अग्रलेख



● सन्दीप पनेरू

नेपालको राजनीतिक इतिहास हेर्दा, प्रत्येक युग परिवर्तनका लागि जनताले भारी मूल्य चुकाएका छन्। राणाशासनविरुद्धको विद्रोहदेखि २०४६ सालको जनआन्दोलन, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन हुँदै पछिल्लो जेनजी आन्दोलनसम्म, नेपाली जनता विशेषतः युवापुस्ता स्वतन्त्रता, समानता र सुशासनका निम्ति कहिल्यै पनि पछि हटेनन् । तर विडम्बना के छ भने, प्रत्येक बलिदानपछिको राजनीतिक संक्रमणमा फेरि पनि उही पुरानो सोच, उही स्वार्थी नेतृत्व र उही असक्षम शासन फेरि उठेर आउने अवस्था बनेको छ । जसले जनताको बलिदानलाई मजाक बनाइरहेको छ ।

गत २३ र २४ भदौमा देशभर उर्लिएको जेनजी आन्दोलन यही ऐतिहासिक निरन्तरताको आधुनिक प्रतिबिम्ब थियो। असमानता, बेरोजगारी, भ्रष्टाचार र अवसरहीनताबाट आजित भएका युवाहरू परिवर्तन खोज्दै सडकमा उत्रिएका थिए। उनीहरूलाई नारा होइन, परिणाम चाहिएको थियो, आश्वासन होइन, उत्तरदायित्व मागिरहेका थिए । तर आज आन्दोलनको सय दिन नाघ्न लाग्दा पनि देशले परिवर्तनको कुनै आभास पाएको छैन । शहीद युवाको रगतले रंगिएका सडक फेरि पनि पुरानै नेताहरूको पदयात्राले धुलाम्मे भएका छन् ।

नेपालको राजनीतिक शक्ति वर्षौंदेखि केही सीमित हातहरूमा केन्द्रित छ। २०४६ पछि देश बहुदलीय प्रजातन्त्रमा प्रवेश गर्‍यो, तर त्यसपछि पनि राजनीतिक दल जनताको आशा होइन, आफ्नै स्वार्थका केन्द्र बने। नेपाली कांग्रेस, नेकपा (एमाले) र तत्कालिन नेकपा (माओवादी केन्द्र) यी तीन ठुला शक्तिहरूले पालैपालो सत्ता सम्हाल्दा पनि तिनको चरित्र र कार्यशैलीमा मौलिक भिन्नता कहिल्यै देखिएन ।

यसबीचमा लोकतान्त्रिक व्यवस्थाको नाममा वंशवादलाई प्रशय दिइयो । विकासको नाममा कमिसनवाद फैलियो । जनअधिकारको नाममा दलगत स्वार्थको जरो गाढियो । १० वर्षसम्म चलेको माओवादी जनयुद्धले 'नयाँ जनवादी व्यवस्था'को सपना बोकेको थियो, तर युद्धपछिको सत्तारोहणसँगै त्यो सपना सत्तासँगै सोत्तर बन्यो । पुष्पकमल दाहाल 'प्रचण्ड' र डा. बाबुराम भट्टराईजस्ता नेता जनताको हतियार बोकेर सिंहदरबार पुगे तर उनीहरूको शासनकालमा पनि भ्रष्टाचार र बेथितिको नयाँ अध्याय लेखियो । त्यसको परिणाम स्वरूप युवापुस्तामा बढ्दै गएको आक्रोश अन्ततः जेनजी आन्दोलनका रूपमा विस्फोट भयो ।

तर अहिलेको अवस्थाले देखाउँछ, त्यो बलिदान फेरि पनि पुरानै राजनीतिक जालभित्र हराउँदै छ । सुशीला कार्कीको नेतृत्वमा बनेको अन्तरिम सरकारले पनि जनतामा परिवर्तनको अनुभूति जगाउन सकेको छैन । भ्रष्टाचारमा मुछिएका, आन्दोलनका क्रममा हिंसामा संलग्न भनिएका व्यक्ति अझै कारबाही मुक्त छन्। शहीद परिवार न्यायको आशामा अदालतको ढोका ढकढकाइरहेका छन् तर उनीहरूको आवाज राजनीतिक भाषणको कोलाहलमा हराइरहेको छ ।

उता पुराना दलहरू फेरि चुनावको तयारीमा छन्, नाम र गठबन्धन फेरिएका छन् तर अनुहार उही छन् । ओली, देउवा, प्रचण्ड र तिनका अनुयायीहरू फेरि पनि देशको भविष्य लेख्ने दाउमा छन् । तर देशका मूल प्रश्नहरू- सुशासन, पारदर्शिता र जवाफदेहिता यी शब्दहरू अझै पनि केवल घोषणापत्रका आकर्षक वाक्यांशमा सीमित छन् ।

नेपाली कांग्रेसको नेतृत्व संकटको गहिरो घेरामा छ । सभापति शेरबहादुर देउवाप्रति असन्तोष बढ्दो छ र गगन थापा, विश्वप्रकाश शर्माजस्ता युवा नेताहरू परिवर्तनको माग गर्दै सडकदेखि सभासम्म आवाज उठाइरहेका छन् । तर पार्टीभित्रको शक्ति सन्तुलन फेरि पनि पुरानै ढाँचामा थिलथिलो छ ।



नेकपा एमाले त झन् आन्दोलनप्रति संवेदनशील नभई अहंकारी बनेको अनुभूति जनतामा व्यापक छ । अध्यक्ष ओलीको हठी शैलीले जनताको घाउमा मलहम होइन, नुन पो छर्किरहेको महसुस भइरहेको छ । माओवादी केन्द्र, आफैंमा नामेट भइसकेको छ । नयाँ आवरण 'नेपाली कम्युनिस्ट पार्टी' को नाममा आए पनि प्रवृत्ति र शैली फरक देखिन्न ।

अब अर्को अध्याय खुल्दै छ- आगामी प्रतिनिधि सभा निर्वाचन । तर प्रशासनिक अव्यवस्था, सुरक्षाजन्य चुनौती र राजनीतिक अविश्वासबीच जनतामा त्यस चुनावप्रतिको भरोसा कमजोर छ । चुनाव भए पनि परिणाम फेरि पुरानै पुस्ताको पुनरागमन बन्ने डर छ किनभने यी दलहरूले गाउँदेखि उद्योगसम्म आफ्ना भ्रातृ संगठनका जरा गाढिसकेका छन् ।

त्यस्तै, अवस्थाको बिच युवापुस्ताको मनोबल फेरि खस्कँदैछ । जेनजी आन्दोलनका अगुवाभित्रै विभाजनमा फसेका छन्, गुट, स्वार्थ र अपरिपक्वताले उनीहरूको प्रभाव घट्दै गएको छ । आन्दोलनको मूल एजेन्डा-सिस्टम सुधार, नातावादको अन्त्य, पारदर्शिता र दिगो विकास-यी अब केवल दस्तावेजका वाक्यमा सीमित छन् ।

> *नेपालको इतिहासले बारम्बार देखाएको छ- देश केवल नेतृत्व परिवर्तनले होइन, प्रणालीगत सुधारले मात्र बदलिन्छ। जबसम्म नीति, न्याय र प्रशासनिक संयन्त्रमा नैतिकता र जवाफदेहिताको संस्कार स्थापना हुँदैन, तबसम्म जुनसुकै आन्दोलन पनि अधुरो रहन्छ।*

नेपालको इतिहासले बारम्बार देखाएको छ- देश केवल नेतृत्व परिवर्तनले होइन, प्रणालीगत सुधारले मात्र बदलिन्छ । २०४६ पछि संविधान फेरियो, व्यवस्था फेरियो, २०६२/६३ पछि पनि संविधान र व्यवस्था फेरियो तर सोच फेरिएन । जबसम्म नीति, न्याय र प्रशासनिक संयन्त्रमा नैतिकता र जवाफदेहिताको संस्कार स्थापन हुँदैन, तबसम्म जुनसुकै आन्दोलन पनि अधुरो रहन्छ ।

आजको चुनौती यही हो- युवा पुस्ताले अब भावनाले होइन, विवेकले नेतृत्व रोज्नुपर्छ। परिवर्तनको मूल्य नारा होइन, नतिजाले मापन हुनुपर्छ। मतदाता अब सचेत प्रश्नकर्ता बन्नुपर्छ, अन्धविश्वासी समर्थक होइन । यदि फेरि पनि पुरानै नेताहरू पुनः सत्तामा फर्किए भने २३ र २४ भदौमा बगेको युवा रगत केवल सडकको धुलोमा हराउनेछ र त्यो क्षण एउटा पुस्ताको आशाको अन्त्य हुनेछ ।

नेपाललाई अब दिशाहीन राजनीति होइन, दुरदर्शी नेतृत्व चाहिन्छ, त्यस्तो नेतृत्व जसले सत्ता होइन, प्रणाली परिवर्तन खोजोस्, व्यक्तिगत लाभ होइन, संस्थागत सुधार रोजोस् र जसले हरेक युवाको श्रम, सपना र बलिदानको मूल्य बुझोस् । परिवर्तनको यात्रा अझै समाप्त भएको छैन। जेनजी आन्दोलनले दिएको सन्देश-'भविष्य अब युवाको हातमा छ' अहिलेसम्म पनि उत्तिकै सान्दर्भिक छ । तर त्यो भविष्य सुरक्षित राख्न, युवाहरूले एकजुट भई नयाँ राजनीतिक संस्कृतिको बिउ रोप्नुपर्छ । किनभने जबसम्म नागरिक स्वयं जागृत हुँदैनन्, पुराना अनुहारहरू नयाँ आवरणमा सधैं फर्किरहनेछन् । त्यसपछि, हरेक बलिदान इतिहासको पानामा मात्र सीमित हुनेछ, व्यवहारमा होइन ।

## इतिहासमा आज

१२ डिसेम्बर १९८५ मा एरो एयर फ्लाइट १२८५ आर, क्यानडाको न्युफाउन्डल्यान्डको गान्डरमा उडान भरेपछि दुर्घटनाग्रस्त भयो, जसमा संयुक्त राज्य सेनाको १०१औं एयरबोर्न डिभिजनका २३६ सदस्यहरूसहित जहाजमा रहेका सबै २ सय ५६ जनाको मृत्यु भएको थियो ।



१२ डिसेम्बर २०१२ मा उत्तर कोरियाले आफ्नो पहिलो उपग्रह, क्वाङम्योङसोङ-३ युनिट २ सफलतापूर्वक प्रक्षेपण गरेको थियो ।



१२ डिसेम्बर १९८८ मा तीन यात्रु रेलहरू ठोक्किएपछि क्ल्याफाम जंक्सन रेल दुर्घटनामा ३५ जनाको मृत्यु भयो र सयौं घाइते भए । जुन घटनालाई संयुक्त अधिराज्यको सबैभन्दा खराब रेल दुर्घटनाहरू मध्ये एक मानिन्छ ।



१२ डिसेम्बर १९९९ मा फिलिपिन्सको मुख्य टापु लुजोनमा ७.३ म्याग्निच्युडको भूकम्प जाँदा ६ जनाको मृत्यु र ४० जना घाइते भएका थिए । भूकम्पले बिजुली आपूर्ति बन्द हुँदा केही दिन राजधानी मनिला अन्धकारमय भएको थियो ।



## सामाजिक सञ्जाल



**गोकुल बाँस्कोटा**

एमाले पार्टी मात्र नभई जनता र कार्यकर्ताले रातोदिन रगत, पसिना बगाएर बनाएको साझा सम्पत्ति हो । यसका बारेमा सुझाव, आलोचना गर्न सकिन्छ, तर फैसला यही पार्टीका सदस्यले गर्छन्, जस अपजसको भारी बोक्छन् । तर छैटौं महाधिवेशनको सम्मुख तिर टिएर प्रधान रूपी हावा चलाए जस्तो नगर, जोकसै विरुद्ध । त्यो खुस्कन्छ ।



**मुमाराम खनाल**

संसद् पुनर्स्थापनाको वैधानिकता 'शून्य' छ। 'म्युजिकल-चेकर'का खलनायकहरू देउवा, ओली र दाहालको वैधता 'माइनस-२५' छ । आगामी संकट यिनकै कारणले 'महासंकट'मा रूपान्तरण हुनेवाला छ । समयमै सम्झ । अब राजनीति, समाज, मुलुक, जनता आदि कोही पनि कुनै लयमा छैन ।



**प्रेमकान्त अधिकारी**

आन्तरिक शान्ति सन्तुष्टि हुन सकेको छैन भने बाह्य आवरण अनुहारमा पनि उज्यालो खुसीका लहर तरंग देखिन गाह्रो पर्दो रहेछ । ओछ्यान देखिलिएर देशको शासन व्यवस्थासम्म नै शान्ति सुव्यवस्था समृद्धिमा असर देखिँदो रहेछ । त्यै भएर भनिँदो रहेछ पहिला आन्तरिक शान्ति अनि मात्र बाह्य शान्ति ।



**डा. नवराज पन्त**

नेपालको मूल समस्या भनेको केन्द्रदेखि वडासम्मको भ्रष्टाचारको जालो हो! संसद् नै भ्रष्टाचार नियन्त्रणमा अग्रपंक्तिमा रहेन भने अख्तियार, महालेखा परीक्षक, न्यायालय सक्रिय हुन सक्दैन । त्यसैले हामीले सांसद चुन्दा भ्रष्टाचार नियन्त्रणमा अग्रपंक्तिमा रहन सक्ने व्यक्ति मात्र चुन्नुपर्छ। सोचौं !

# २१औं शताब्दीमा मानवता

विचार



● सत्यजीत

